# नेपाल बार एशोसिएशनको बिधान, २०४८ (छैठौ संशोधन सहित)

पहिलो संशोधन - २०४८/८/१५
दोस्रो संशोधन - २०५४/२/२४
तेस्रो संशोधन - २०६२/२/२१
चौथो संशोधन - २०६४/१०/२५-२७
पाँचौ संशोधन - २०७१/०६/०३
छैठौ संशोधन - २०७५ भाद्र ९ गते ।

## परिच्छेद - १
## प्रारम्भिक कथन

**प्रस्तावना : कानुनव्यवसायीहरूको हक र हितको संरक्षण गर्न वि.सं. २०१३ साल पुस ७ गते अग्रज कानुनव्यवसायीहरूले नेपाल बार एशोसिएशनको स्थापना गरेको तथ्यलाई स्मरण गर्दै;**

**वि.सं. २०३४ साल पश्चात उपत्यका बाहिरसमेत देशभरिरहेका अदालतमा बार एकाइ गठन गरी राष्ट्रिय स्वरूप ग्रहण गरेपश्चात संरचनात्मक सुदृढीकरण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा यसले प्राप्त गरेको उचाई र मान्यतालाई ग्रहण गर्दै;**

**स्वतन्त्र सक्षम तथा उत्तरदायि न्यायपालिका, विधिको शासन, लोकतन्त्र र मानवअधिकारका लागि दृढतापूर्वक आफ्नो काम, कारवाही अगाडि बढाउन र कानुनव्यवसायीको हक-हित, मर्यादा एवं वृत्ति विकासका कार्य गर्न वि.सं. २०४८ सालमा राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम तर्जुमा गरिएको नेपाल बार एशोसिएशनको विधान, २०४८ (पाँचौ संशोधन सहित) जारी गरिएको छ ।**[१]

**१. नाम, प्रारम्भ र प्रयोग :**

(१) यस विधानको नाम "नेपाल बार एशोसिएशनको विधान, २०४८" रहेको छ ।

(२) यो विधान कानुनबमोजिम स्वीकृति प्राप्त भएको ३ महिनाभित्र केन्द्रीय कार्यसमितिले तोकेको मितिबाट प्रारम्भ हुनेछ ।[२]

(३) यो विधान एशोसिएशनका सदस्यहरूका लागि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा,

(क) **"कानुनव्यवसायी"** भन्नाले कानुनव्यवसायी ऐन, २०२५[३] र कानुनव्यवसायी परिषद् ऐन, २०५० बमोजिम कानुनव्यवसाय गर्न पाउने गरी प्रमाणपत्र प्राप्त कानुनव्यवसायी सम्झनु पर्दछ ।

(ख) **"सदस्य"** भन्नाले यस विधानको धारा ६ अनुसार सदस्यता प्राप्त व्यक्ति सम्झनु पर्छ ।

(ग) **"एकाइ"** भन्नाले यस विधान अनुसारको एकाइ सम्झनु पर्छ ।

(घ) **"एशोसिएशन"** भन्नाले नेपाल बार एशोसिएशनलाई जनाउने छ ।

(ङ) **"कार्यसमिति"** भन्नाले केन्द्रीय कार्यसमिति वा एकाइको कार्यसमिति वा दुवैलाई जनाउनेछ ।

(च) **"कार्यकारिणी परिषद्"** भन्नाले यस विधानको परिच्छेद ५ अन्तर्गत गठित कार्यकारिणी परिषद्लाई जनाउनेछ ।

(छ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको विनियमद्वारा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

---

[१] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[२] केन्द्रीय कार्यसमितिको मिति २०४८।६।८ को बैठकले यो विधान मिति २०४८।६।२३ देखि लागू गरेको छ ।

[३] दोस्रो संशोधनद्वारा संशोधित ।

## ३. उद्देश्य :

(१) एशोसिएशनका निम्नलिखित मूलभूत उद्देश्य रहेका छन् :

(क) कानुनव्यवसायीहरूका बीच एकता, सद्भावना, भ्रातृत्व पेशागत आचरण र शिष्टाचारको अभिवृद्धि गर्ने,

(ख) कानुनव्यवसायीहरूको व्यावसायिक हित संरक्षण र सम्वर्द्धन गर्ने,

(ग) न्यायप्रशासनलाई आधुनिकीकरण, विकसित, स्वच्छ, निष्पक्ष तथा न्यायोन्मुखी बनाउन अग्रसर रहने,

**(घ) कानुनव्यवसायीहरूको पेशागत मर्यादालाई अभिवृद्धि गर्ने, कानुनव्यवसायीहरूलाई सक्षम आदर्शवान् र लोकहिततर्फ उन्मुख गराउने,**[४]

(ङ) कानुनीराजको अपरिहार्यता बारे बोध एवं सचेत गराउन र यसको प्रतिस्थापनाका लागि निरन्तर प्रयत्नशील रहने,

(च) स्वतन्त्र न्यायपालिकाको लागि समिर्पित हुने, र

(छ) स्वस्थ र जनोपयोगी कानुनको विकासका लागि प्रयत्नशील रहने ।

**(ज) कानुनव्यवसायीको पेशागत दक्षता, वृत्ति विकास र सामाजिक सुरक्षा सम्बन्धमा आवश्यक कार्य गर्ने ।**

**(झ) न्याय र कानुनसम्बद्ध विषयमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने र प्राप्त प्रतिवेदनको आधारमा नीतिगत सुधारका लागि आवश्यक कार्य गर्ने ।**

**(ञ) महिला, दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम लगायत अल्पसंख्यक समुदायका कानुनव्यवसायीको दक्षता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।**[५]

**(ट) स्वेच्छिक निःशुल्क कानुनी सेवा (Pro-Bono) प्रदान गर्न नेबाएबाट निर्देशिका बनाई संस्थागत गर्ने ।** [६]

(२) धारा (१) मा उल्लिखित मूलभूत उद्देश्यहरूको परिपूर्तिका लागि एशोसिएशन निम्न कार्यहरूप्रति निरन्तर उन्मुख रहनेछ :

(क) एशोसिएशनका एकाइहरूमा समन्वय ल्याउने र तिनीहरूको गतिविधिहरूमा सहसम्बन्ध कायम गर्ने,

(ख) असमर्थ पक्षका लागि निःशुल्क कानुनी सेवालाई संस्थागत रूपमा विस्तार गर्ने,

(ग) कानुनव्यवसायीहरूको आचार संहिता, अनुशासन तथा शिष्टाचारका नियमहरू निर्माण र कार्यान्वयन गर्ने,

(घ) बार र बेन्च, बार र जनता, नेपालका कानुनविद् र अन्य मुलुकका कानुनविद्हरूका बीचमा सुसम्बन्ध र सहयोग कायम गर्ने,

(ङ) प्रवचन, गोष्ठी र समारोहको आयोजना गर्ने, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनविद् सम्मेलन वा गोष्ठीमा प्रतिनिधिहरू पठाउने,

(च) नवागन्तुक कानुनव्यवसायीहरूलाई व्यावसायिक तालिम र प्रशिक्षणको व्यवस्था गर्ने,

(छ) राष्ट्रिय वा अन्तर्राष्ट्रिय संगठनहरूको सहयोग वा संयोजनमा यस विधान अनुरूप कार्य गर्ने,

(ज) चल, अचल सम्पत्ति आर्जन गर्ने, एशोसिएशनको प्रयोजनमा व्यय गर्ने, आवश्यकतानुसार करार गर्ने, कर्मचारीहरूको नियुक्ति गर्ने, वित्तीय व्यवहार गर्ने, संगठित संस्थाले गर्न सक्ने अन्य सबै काम गर्ने र

(झ) एशोसिएशनको उद्देश्यहरूको प्राप्ति वा कार्यान्वयन गर्न प्रासंगिक, अनुशंगिक र सहायक हुने सबै कार्य गर्ने ।

---

[४] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[५] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[६] नेबाएको मिति २०७५ भाद्र ९ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

## परिच्छेद – २
## एशोसिएशनको स्थापना

**४. संस्थापना :**

(१) नेपाल बार एशोसिएशन नामक एउटा व्यावसायिक संस्था संस्थापित भएको छ, यसको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ ।

(२) यस अघिको विधान अनुसार संस्थापना भएको एशोसिएशन यसै विधान अनुसारको एशोसिएशन मानिने छ र एशोसिएशनको निरन्तरता र अविच्छिन्नता कायम रहनेछ ।

(३) एशोसिएशनको केन्द्र र यसको मातहतमा आवश्यकतानुसार सम्बन्धित जिल्ला, उच्च र सर्वोच्च अदालत स्तरका एकाइहरु हुने छन् । एकाइहरूको नामाकरण सम्बन्धित अदालतको नामबाट गरिने छ । उदाहरणार्थ सर्वोच्च अदालत बार एशोसिएशन, उच्च अदालत बार एशोसिएशन र जिल्ला अदालत बार एशोसिएशन इत्यादि ।[७]

(४) एशोसिएशन र यसका एकाइहरूको सम्बन्ध यस विधानको परिच्छेद ११ मा वर्णन गरे अनुरूप हुनेछ ।

## परिच्छेद – ३
## सदस्यता

[८]**५. योग्यता :**

(१) एशोसिएशनको सदस्यता प्राप्त गर्न र सदस्यता कायम रहन देहाय बमोजिमको योग्यता आवश्यक पर्नेछ :

(क) प्रचलित कानुनबमोजिम कानुनव्यवसाय गर्न इजाजत प्राप्त गरेको ।

(ख) अधिवक्ता र वरिष्ठ अधिवक्ताको हकमा नेपाल कानुनव्यवसायी परिषद्मा सदस्यता अद्यावधिक गराएको ।

(ग) कुनै सरकारी सेवामा पूर्णकालीन कर्मचारीको रूपमा कार्यरत नरहेको ।

(घ) कुनै संघ संस्थानको सेवामा वा गैरसरकारी निकायको सेवामा वा कुनै निजी प्रतिष्ठानको सेवामा पूर्णकालीन कर्मचारीको रूपमा कार्यरत **कानुनव्यवसायीहरू**ले आफू कार्यरत रहेको निकायको अधिकार प्राप्त अधिकारीबाट कानुनव्यसाय गर्न पाउने गरी स्वीकृति प्राप्त गरेको । विश्वविद्यालयमा प्राध्यापन गर्ने व्यक्तिको हकमा यस्तो स्वीकृति आवश्यक पर्नेछैन । **तर कीर्ते, जालसाजी, बहुबिवाह, ज्यान, चोरी, डाँका, भ्रष्टाचार, जवरजस्ती करणी, लागु पदार्थको ओसार पसार तथा सेवन, मानव बेचबिखन वा यस्तै प्रकृतिका अन्य गम्भीर अपराध गरेवापत अदालतबाट कसूरदार ठहरी सजायँ पाएको, असल चालचलन नभएको, गैर नेपाली नागरिक, साहूको दामासाहीमा परेको र मानसिक सन्तुलन ठीक नभएको व्यक्ति एशोसिएशनको सदस्यता प्राप्त गर्न अयोग्य हुनेछन् ।**[९]

(ङ) आफू कम्तीमा ६ महिना अघि देखि कानुनव्यवसायमा संलग्न रहेको व्यहोरा अदालतमा दर्ता रहेको लिखतबाट देखिने प्रमाण भएको ।

(च) प्रचलित कुनै कानुनले कानुनव्यवसाय गर्न अयोग्य ठहर नगरेको ।

(२) एशोसिएशनको सदस्य भई सकेको कुनै व्यक्तिको उपधारा (१) बमोजिमको योग्यता नरहेको भन्ने सूचना वा उजूरी प्राप्त भएमा निजले सदस्यता प्राप्त गरेको एकाइको कार्यसमितिले सम्बन्धित सदस्यलाई सफाइको मनासिब मौका दिई आवश्यक छानबिन गरी निजको सदस्यता खारेज गर्न सक्नेछ ।

---

[७] नेबाएको मिति २०७५ भाद्र ९ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[८] चौथो संशोधनद्वारा संशोधित ।

[९] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरी मिलाइएको।

(३) उपधारा (२) बमोजिम एकाइको कार्यसमितिले सदस्यता खारेज गरेकोमा यस्तो सदस्यता खारेज गर्ने निर्णय उपर केन्द्रीय कार्यसमिति समक्ष वा केन्द्रीय कार्यसमितिले गठन गरेको उपसमिति समक्ष ३५ दिन भित्र पुनरावेदन दिन सकिनेछ । यसै गरी उपधारा (२) बमोजिम कुनै सदस्यको सदस्यता खारेज गर्नु पर्नेमा सदस्यता खारेज नगरिएको भनी अन्य कुनै सदस्यले केन्द्रीय कार्यसमिति समक्ष वा केन्द्रीय कार्यसमितिले गठन गरेको उपसमिति समक्ष उजूरी दिन सक्नेछ । यसरी केन्द्रीय कार्यसमिति समक्ष वा केन्द्रीय कार्यसमितिले गठन गरेको उपसमिति समक्ष पर्न आएको यस्तो पुनरावेदन वा उजूरी उपर केन्द्रीय कार्यसमिति वा केन्द्रीय कार्यसमितिले गठन गरेको उपसमितिले तीन महिना भित्र निर्णय गरी जानकारी दिनु पर्नेछ ।

**(४) सदस्यता प्राप्ती सम्बन्धमा वा सदस्यता स्थानान्तरण वा सोसँग सम्बन्धित कुनै विवाद उत्पन्न भई कुनै बार एकाइले सदस्यता प्रदान गरेको वा प्रदान गर्न इन्कार गरेको वा सदस्यता खारेज गरेको वा सदस्यतासम्बन्धी अन्य विषयमा कुनै उजुरी सम्बन्धित एकाइमा परी त्यसको निर्णय भई सो निर्णयमा चित्त नवुझेको वा उजुरी नै लिन इन्कार गरेको भन्ने विषयमा केन्द्रीय कार्यसमितिमा कुनै निवदेन परेमा केन्द्रीय कार्यसमितिले आवश्यकताअनुसार कम्तिमा एक महिलासहितको छानविन समिति गठन गरी केन्द्रीय कार्यसमितिले छानविन समितिको प्रतिवेदनको आधारमा निर्णय गर्नेछ ।**[१०]

## ६. सदस्यताको प्राप्ति :

(१) यो विधान लागू हुनुभन्दा अघि कायम रहेका सदस्यहरु यसै विधान अनुसार सदस्य रहेका मानिने छन् ।

[११](२) एशोसिएशनको सदस्यता प्राप्त गर्न सम्बन्धित एकाइको सचिव समक्ष सदस्यता प्राप्त गर्न आवश्यक पर्ने योग्यताका प्रमाणित प्रतिलिपिहरु र पचास रूपैयाँमा नघट्ने गरी सम्बन्धित एकाइले तोके बमोजिमको प्रवेश शुल्क सहित आवेदन गर्नु पर्नेछ ।

(३) उपधारा (२) अन्तर्गत पर्न आएको निवेदन सम्बन्धित एकाइको सचिवले [१२]३० दिन भित्र कार्यसमितिमा पेश गर्नेछ र कार्यसमितिले सदस्यता प्रदान गर्ने निर्णय गरेमा निवेदकसंग वार्षिक साधारण शुल्क लिई सदस्यताको अभिलेख पुस्तिकामा निजको नाउँ दर्ता गरी सदस्यता प्रमाणपत्र दिनेछ । तर, कार्यसमितिले सदस्यता दिन इन्कार गरेमा कारण सहितको सूचना आवेदकलाई आवेदन परेको ३५ दिन भित्र दिई सक्नु पर्नेछ ।

(४) केन्द्रीय कार्यालयले एकाइहरूबाट प्रेषित सदस्यता विवरण अनुरूप विधिवत् अभिलेख राख्नेछ ।

[१३](५) कुनै सदस्यले एकै समयमा एकभन्दा बढी एकाइबाट सदस्यता प्राप्त गरेको कुरा प्रमाणित भएमा केन्द्रीय कार्यसमितिलेसम्बन्धित सदस्यसंग आवश्यक सोधपुछ गरी निजले रोजेको एकाइको सदस्यता कायम गर्ने र निजसंग सम्पर्क हुन नसकेमा निजले पहिले सदस्यता लिएको एकाइको सदस्यता कायम गरी पछिल्लो सदस्यता लिएको एकाइको सदस्यता खारेज गर्न र एकै समयमा एकभन्दा बढी एकाइबाट सदस्यता प्राप्त गरेको पाइएमा एउटा एकाइको सदस्यता कायम गरी अरू एकाइको सदस्यता खारेज गर्न सक्नेछ ।

[१४](६) नयाँ सदस्यता प्राप्त गर्ने र वार्षिक सदस्यता शुल्क बुझाई सदस्यता नवीकरण गर्ने सदस्यहरूको नाम केन्द्रीय कार्यसमितिले केन्द्रीय कार्यालय तथा साधारणसभा भएको स्थानमा जानकारीको लागि प्रकाशित गर्नेछ ।

---

[१०] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा थप गरिएको ।

[११] चौथो संशोधनद्वारा संशोधित ।

[१२] दोस्रो संशोधनद्वारा संशोधित ।

[१३] चौथो संशोधनद्वारा थपिएका ।

[१४] चौथो संशोधनद्वारा थपिएका ।

## ७. सदस्यता शुल्क :

(१) **सदस्यता तथा नवीकरण शुल्क बरिष्ठ अधिवक्ताको हकमा रू. १,०००/- (एक हजार), १५ वर्ष वा सोभन्दा बढी कानुनव्यवसाय गरेका सदस्यको हकमा रू. ६,००/- (छ सय) पाँच वर्षभन्दा माथि कानुनव्यवसाय गरेका सदस्यको हकमा रू. ४,००/- (चार सय) र सोभन्दा कम समय कानुनव्यवसाय गरेका सदस्यको हकमा रू. २,००/- (दुई सय) हुनेछ । सदस्यता शुल्क मध्ये २५ प्रतिशत रकम नेबाएको केन्द्रीय कार्यालयमा पठाउनु पर्नेछ ।**

(१क) **कुनै एकाइको साधारणसभाले आफ्नो एकाइलाई आवश्यक थप रकम शुल्कको रूपमा निर्धारण गर्न धारा (१) मा उल्लेख भएको कुराले बाधा पर्ने छैन । तर उप धारा (१) मा लेखिएको अङ्कभन्दा दोब्बरभन्दा बढी कुनै पनि शिर्षकबाट नियमित लिन पाइने छैन ।**[१५]

[१६](२) हरेक वर्षको असार महिना भित्र वार्षिक सदस्यता शुल्क बुझाई सदस्यता नवीकरण गर्नु पर्नेछ । तर केन्द्रीय कार्यसमितिको निर्वाचन हुने वर्ष बाहेक अन्य वर्षमा कार्यसमितिले उपयुक्त ठहराएमा त्यसपछि पनि वार्षिक शुल्क बुझि लिई सदस्यता नवीकरण गरी दिन सक्नेछ ।

(३) जुनसुकै महिनामा सदस्यता शुल्क बुझाए तापनि सोही आर्थिक वर्षमा मात्र सदस्यता कायम रहनेछ ।

(४) वार्षिक सदस्यता शुल्क बापतको रकम सम्बन्धित एकाइको बैंक खातामा जम्मा गरेको बैंक भौचर र बैंक स्टेटमेन्ट सहित वार्षिक सदस्यता शुल्क बुझाउने सदस्यहरूको नामावली केन्द्रीय कार्यसमितिमा पठाउनु पर्नेछ ।

[१७](५) बार्षिक सदस्यता शुल्कको रकम बारे केन्द्रीय कार्यसमितिले जुनसुकै बखत पनि जाँचबुझ गर्न सक्नेछ । केन्द्रीय कार्यसमितिलाई जाँचबुझको कार्यमा सहयोग गर्नु सम्बन्धित एकाइको कर्तव्य हुनेछ ।

## ८. सदस्यहरूको कर्तव्य :

सदस्यहरूको निम्न कर्तव्यहरु हुनेछन् :

(१) पेशा र एशोसिएशनको अहित हुने कुनै काम नगर्ने,

(२) पेशागत जीवनमा एशोसिएशनले निर्माण तथा निर्गमन गरेको आचार संहिता अनुकूल आचरण गर्ने र,

(३) एशोसिएशनलाई बुझाउनु पर्ने सबै शुल्क समयमा बुझाउने ।

## ९. सदस्यताको समाप्ति :

(१) एशोसिएशनको सदस्यता तल लेखिएका अवस्थामा समाप्त हुनेछ :

(क) सदस्यताबाट राजीनामा दिएमा, वा

(ख) कानुनबमोजिम कानुनव्यवसायीको प्रमाणपत्र बदर भएमा वा निलम्बन भएमा, वा

(ग) यस विधानअनुसार बुझाउनु पर्ने शुल्क नबुझाएमा, वा

(घ) कुनै सदस्यले यस विधानको धारा ८ को उपधारा (१) वा (२) को प्रतिकूल काम गरेको छ भन्ने कार्यसमितिले ठहराएमा,

(ङ) तर यस्तो ठहर गर्नु पूर्व सम्बन्धित सदस्यलाई सफाइको मौका दिइनेछ ।

(२) उपधारा (१) को खण्ड (घ) अनुसार गरेको निर्णय उपर केन्द्रीय कार्यसमितिमा निर्णयको जनाउ पाएको ९० दिन भित्र पुनरावेदन सम्बन्धित कार्यसमितिको सचिव मार्फत वा सोझै दिन सकिनेछ र त्यसको निर्णय अन्तिम हुनेछ ।

---

[१५] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[१६] चौथो संशोधनद्वारा संशोधित ।

[१७] चौथो संशोधनद्वारा संशोधित ।

**१०. सदस्यताको पुनर्स्थापना :**

यस विधान अनुसार एशोसिएशनको सदस्य हुन सक्ने व्यक्तिले सदस्यता पुनर्स्थापनाका लागि निवेदन गरेमा एशोसिएशनलाई आफ्नो सदस्यता समाप्ति हुनु अघि सम्मको बुझाउन पर्ने बाँकी सबै रकम भुक्तान गरी यस विधान बमोजिम सदस्यताका लागि बुझाउनु पर्ने रकम समेत बुझाएमा नयाँ सदस्यता प्राप्त हुन सक्नेछ ।

**११. सदस्यहरूको अधिकार :**

(१) सदस्यहरूले एशोसिएशनको कुनै पनि साधारण सभा र विशेष साधारण सभामा भाग लिन र प्रस्तावको पक्षमा वा विपक्षमा मतदान गर्न पाउनेछन् ।

(२) यस विधानमा लेखिएका अन्य कुराहरूको अधीनमा रही सदस्यहरूलाई मताधिकार र उम्मेदवार हुने हक, अविश्वासको प्रस्ताव र अन्य प्रस्ताव ल्याउने हक प्राप्त हुनेछ ।

**१२. अन्य प्रकारका सदस्यहरु :**

यस परिच्छेद अन्तर्गतका सदस्यहरूका अतिरिक्त केन्द्रीय कार्यसमितिको सिफारिशमा कार्यकारिणी परिषद्ले यस विधान अन्तर्गत बनेका विनियमहरूका अधीनमा रही कुनै पनि व्यक्तिलाई विशिष्ट सहयोगी, आजीवन वा सम्मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

## परिच्छेद – ४
## साधारण सभा

**१३. साधारण सभा :**

साधारण सभा एशोसिएशनको सर्वोच्च अङ्ग हुनेछ, जो दुई प्रकारको हुनेछ : वार्षिक साधारण सभा र विशेष साधारण सभा ।

**१४. वार्षिक साधारण सभा :**

एशोसिएशनको वार्षिक साधारण सभा सामान्यतया प्रत्येक आर्थिक वर्षभित्र एक पटक बोलाउनु पर्नेछ ।

**१५. विशेष साधारण सभा :**

देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ :

(क) कार्य समितिले आवश्यक देखेमा वा

(ख) मनासिब माफिकको कारण र विषय समेत खुलाई कुल सदस्य संख्याको पाँच खण्डको एक खण्डले विशेष साधारण सभा बोलाई पाउँ भनी ३० दिन अगावै एशोसिएशनको अध्यक्षलाई लिखित अनुरोध गरेमा वा

(ग) यस विधानको धारा १४ अनुसार आर्थिक वर्ष भित्र साधारण सभा नबोलाइएमा एशोसिएशनले कुल सदस्य संख्याको दश खण्डको एक खण्ड सदस्यहरूले विशेष साधारण सभा बोलाउने आवेदन एशोसिएशनको अध्यक्षलाई दिएमा ।

**१६. सभाहरूको सूचना :**

एशोसिएशनको साधारण सभा हुने कम्तीमा ३० दिन अगावै र विशेष साधारण सभा हुने कम्तीमा पन्ध्र दिन अगावै सभा हुने ठाउँ, मिति, समय र छलफल हुने विषयहरु खोली आवश्यकतानुसार एशोसिएशनको सूचना पाटी, एकाइ कार्यालयहरूमा र कुनै स्थानीय प्रमुख दैनिक समाचारपत्रमार्फत सूचना दिइनेछ ।

**१७. गणपूरक संख्या :**

(१) कुल सदस्य संख्या मध्ये कम्तीमा बीस खण्डको एक खण्ड सदस्यहरूको उपस्थितिलाई साधारणसभाको गणपूरक संख्या मानिनेछ । तर, गणपूरक संख्या नपुगी साधारणसभा हुन नसकेमा कम्तीमा दश दिनको सूचना दिई दोस्रो पटक साधारणसभा बोलाइएमा एक सयजना सदस्यको उपस्थितिलाई गणपूरक संख्या पुगेको मानिनेछ ।

(२) **एकाइको साधारणसभाको हकमा सो एकाइका कार्यसमितिका पदाधिकारी तथा सदस्यको बहुमत सहित दुई सय जनाभन्दा कम सदस्य रहेको एकाइमा चार खण्डको एक खण्ड र सोभन्दा बढी सदस्य संख्या रहेको एकाइमा कम्तिमा पचास जना उपस्थित नभई गणपूरक संख्या पुगेको मानिने छैन ।**[१८]

**१८. साधारणसभाको अधिकार र कार्यविधि :**

(१) साधारण सभाको सभापतित्व कार्य समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्ष वा निजको पनि अनुपस्थिति भएमा कार्य समितिले आफू मध्येबाट छानेको कुनै सदस्यले गर्नेछ तर जसका विरूद्ध अविश्वास प्रस्ताव ल्याइएको छ । उसले सो सभामा सभापतित्व गर्न सक्ने छैन ।

(२) साधारण सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रूपमा पेश गर्नु पर्नेछ ।

(३) पक्ष विपक्षमा मत लिंदा साधारणतः हात उठाई गरिनेछ, अध्यक्षले आवश्यकता ठानेमा गोप्य मतदान गराउन सक्नेछ ।

(४) साधारण सभाले अन्य कुराहरूका अतिरिक्त निम्न लिखित कार्य सम्पन्न गर्नेछ :

(क) कार्यसमितिको प्रतिवेदनमा छलफल गरी निर्णय गर्ने,

(ख) लेखा परीक्षक नियुक्त गर्ने,

(ग) लेखा परीक्षकको प्रतिवेदनमा छलफ गरी निर्णय गर्ने,

(घ) कार्यसमितिलाई आवश्यक निर्देशन दिने,

(ङ) सूचित विषयमा निर्णय गर्ने, र

(च) विधानमा उल्लिखित अन्य अधिकारको प्रयोग गर्ने ।

**१९. विशेष साधारण सभाको अधिकार :**

विशेष साधारण सभामा साधारण सभालाई प्राप्त हुने अधिकारका अतिरिक्त विधानको संशोधन र अविश्वासको प्रस्तावमा निर्णय गर्ने अधिकार हुनेछ ।

**२०. सम्मेलन :**

(१) केन्द्रीय कार्यसमितिले आफ्नो कार्यविधिमा साधारणतया एकपटक राष्ट्रिय स्तरमा सम्मेलनको आयोजना गर्नेछ, जसमा सबै सदस्यहरूले भाग लिन पाउने छन् ।

(२) सम्मेलनमा राष्ट्रिय, अन्तर्राष्ट्रिय र सार्वजनिक महत्वको विषयमा तथा न्याय र कानुनसम्बन्धी विषयमा छलफल गरी भएको निर्णय वा विचारको कार्यान्वयनतर्फ केन्द्रीय कार्यसमिति कार्यरत रहनेछ ।

(३) उपधारा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि यसले कुनै एकाइको कार्य समितिले केन्द्रीय कार्यसमितिको अनुमति लिई आफ्नो क्षेत्रमा स्थानीय स्तरमा यस्ता वा अन्य कुनै सम्मेलन गर्न कुनै पनि बाधा पुर्‍याएको मानिने छैन ।

---

[१८] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

# परिच्छेद – ५
# कार्यकारिणी परिषद्

## २१. कार्यकारिणी परिषद्को गठन :

(१) एशोसिएशनको एउटा केन्द्रीय कार्यकारिणी परिषद् हुनेछ, जसमा देहायका सदस्यहरु रहनेछन् :

(क) एशोसिएशनका केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरु, **बरिष्ठ अधिवक्ताहरू, बार एकाइका कार्यसमितिका अध्यक्ष र सचिव ।**[१९]

(ख) हरेक एकाइका उपधारा (२) बमोजिमका प्रतिनिधिहरु र

(ग) उपरोक्त देहाय (क) र (ख) का सदस्यहरुद्धारा एशोसिएशनको हित सम्मानको अभिवृद्धि गर्ने हेतुले मनोनीत गरिएका बढीमा ५ जना सदस्यहरु ।

(२) यस धाराको उपधारा (१) को खण्ड (ख) को प्रयोजनका लागि हरेक एकाइले आफ्नो सदस्य संख्याको बीसको एक प्रतिनिधिका दरले कार्यकारिणी परिषद्मा आफ्ना प्रतिनिधिहरु पठाउन सक्ने छन् तर,

(क) कुनै एकाइमा बीस जनाभन्दा कम सदस्य रहेको भए पनि एकजना प्रतिनिधि पठाउन सकिनेछ ।

**(ख) एक सय वा सोभन्दा बढी सदस्य संख्या रहेका बार एकाइको हकमा प्रति पच्चिस सदस्य संख्या बराबर थप एक जना प्रतिनिधि र शेष अंक तेह्रभन्दा बढी सदस्य भएमामात्र थप १ जना प्रतिनिधि पठाउन सकिनेछ ।**[२०]

(ख) प्रथम बीस सदस्य संख्यापछि कुल सदस्य संख्याको हिसाब गर्दा जति बीस अंक नपुगे पनि त्यसको कम्तीमा पचास प्रतिशत सदस्य संख्या भएमा अरू थप एक प्रतिनिधि पठाउन सकिनेछ ।

## २२. कार्यकाल :

धारा २१(१) को देहाय (क) बमोजिमका पदाधिकारीहरु वा सदस्यहरुको कार्यकाल निज वा निजहरु केन्द्रीय कार्यसमितिमा रहेसम्म, देहाय (ख) बमोजिमका सदस्यहरु वा सदस्यहरुको कार्यकाल सम्बन्धित एकाइले निज वा निजहरुको सट्टा अर्को प्रतिनिधि नियुक्त नगरेमा सम्बन्धित एकाइका कार्यसमितिको कार्यकालसम्म र देहाय (ग) बमोजिमका सदस्यहरुको कार्यकाल मनोनीत भएको मितिले तीन वर्षको हुनेछ ।

## २३. कार्यकारिणी परिषद्को बैठक :

(१) कार्यकारिणी परिषदको बैठक कम्तीमा **प्रत्येक वर्ष**[२१] एक पटक केन्द्रीय कार्यसमितिले तोकेको स्थान, मिति र समयमा छलफल गर्ने विषयहरु सूचित गरी बोलाइनेछ ।

(२) कार्यकारिणी परिषदको बैठकको कार्यविधि एशोसिएशनको साधारणसभाको कार्यविधिको लागि गरिएको व्यवस्था अनुरुप हुनेछ, तर यसको गणपूरक संख्या कम्तीमा तीन खण्डको एक खण्ड हुनु पर्नेछ ।

(३) कार्यकारिणी परिषद्को सभाको सभापतित्व केन्द्रीय कार्यसमितिको अध्यक्ष वा निर्धारित क्रमानुसारको उपाध्यक्ष वा निजहरुको अनुपस्थितिमा कार्यकारिणी परिषद्ले आफू मध्येबाट छानेको सदस्यले गर्नेछ ।

(४) केन्द्रीय कार्यसमितिको महासचिव[२२] कार्यकारिणी परिषदको पदेन महासचिव[२३] हुनेछ ।

---

[१९] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[२०] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[२१] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[२२] तेस्रो संशोधनद्वारा संशोधित ।

[२३] तेस्रो संशोधनद्वारा संशोधित ।

२४. **कार्यकारिणी परिषद्को अधिकार र कर्तव्य :**

देहायमा लेखिएका कामहरु गर्ने अधिकार कार्यकारिणी परिषद्को हुनेछ :

(क) एशोसिएशनको साधारण सभा र यस परिषदले कार्यसमितिलाई दिएका निर्देशनहरु सही रूपमा कार्यान्वयन भए नभएको सुपरिवेक्षण गर्ने,

(ख) एशोसिएशनलाई कसरी प्रभावकारी बनाउने र विधानको उद्देश्य कार्यान्वयन कसरी गर्ने बारे आवश्यक परामर्श दिने,

(ग) एकाइहरूका बीचमा समन्वय कायम गरी आपसमा समझदारी बढाउने र तिनीहरूको गतिविधिहरूमा एकरूपता कायम गराउन आवश्यक बाटोहरु पहिल्याउने,

(घ) एकाइहरु र केन्द्रका बीचमा घनिष्ट सम्पर्क कायम गराउने उपायहरु निकाल्ने,

(ङ) एकाइको समस्याबारे छलफल गरी समाधान पहिल्याउने,

(च) केन्द्रीय कार्यसमितिले पेश गरेको समस्याहरूको निदानको लागि सुझाव दिने र

(छ) यस विधानका अन्य धाराहरूले दिएको अधिकार उपयोग गर्ने ।

## परिच्छेद – ६
## कार्यसमिति

२५. **कार्यसमितिको गठनः**[२४]

**(१) दफा ७ को उप धारा (२) बमोजिम कम्तिमा दुई आर्थिक वर्षदेखि सदस्य रही प्रत्येक वर्ष नवीकरण गरेका एशोसिएशनका सदस्यहरूले तोकिएको निर्वाचन विधिअनुसार गोप्य मतदानद्वारा निर्वाचित देहायअनुसारका पच्चिस सदस्यीय केन्द्रीय कार्यसमितिको गठन हुनेछ । जसमा एशोसिएशनको कार्यकारिणी अधिकार नीहित रहनेछ ।**

**(क) अध्यक्ष – एक**

**(ख) उपाध्यक्ष – आठ (प्रत्येक प्रदेशबाट एक एक जना गरी ७ जना र खुला क्षेत्रबाट महिला उपाध्यक्ष १ गरी जम्मा ८ जना)**[२५]

**(ग) महासचिव – एक**

**(घ) कोषाध्यक्ष – एक**

**(ङ) सदस्यहरू – चौध जना**

**(१) दलित – एक**

**(२) मधेशी /मुश्लीम – दुई (काठमाडौं उपत्यका बाहिरबाट १ र खुलाबाट १ जना)**

**(३) आदिवासी/जनजाती – २ (काठमाडौं उपत्यका बाहिरबाट १ र खुलाबाट १ जना)**

**(४) महिला – दुई (काठमाडौं उपत्यका बाहिरबाट १ र खुलाबाट १ जना)**

**(५) खुला क्षेत्र – सात (काठमाडौं उपत्यकाबाहिरबाट १ जना र खुला क्षेत्रबाट ६ जना ।) *स्पष्टिकरण :* यस बिधानको प्रयोजनका लागि उपत्यका भन्नाले काठमाडौं, ललितपुर, भक्तपुर र काभ्रे जिल्लालाई जनाउनेछ ।**[२६]

**(च) केन्द्रीय कार्यसमितिको उपाध्यक्ष पदको उम्मेदवार हुनका लागि जुन क्षेत्रबाट उम्मेदवार हुन चाहेको हो सोही क्षेत्रको बार एकाइको सदस्य हुनुपर्नेछ ।**

---

[२४] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[२५] नेबाएको मिति २०७५ भाद्र ९ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[२६] नेबाएको मिति २०७५ भाद्र ९ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

**(२) (क) प्रत्येक एकाईको साधारणसभाले गोप्य मतदानद्वारा देहायबमोजिमको कार्यसमिति निर्वाचित गर्न सक्नेछ**

**(१) अध्यक्ष - एक**

**(२) उपाध्यक्ष - एक**

**(३) सचिव - एक**

**(४) सहसचिव - एक (महिला समितिको अध्यक्ष)**

**(५) कोषाध्यक्ष - एक**

**(६) सदस्यहरू - देहाय (घ) को अधिनमा रही निर्धारण गरिनेछ ।**

**(ख) कुनै बार एकाइमा सदस्य संख्या तेह्र जनाभन्दा कम भएमा सोही एकाइको साधारणसभाले तोके बमोजिमको पदाधिकारी र सदस्य रहने छन् ।**

**(ग) तीन जना वा सोभन्दा बढी कानुनव्यवसायी महिला रहेको एकाइमा धारा २७ क को अधिनमा रही सहसचिव महिला समितिको पदेन अध्यक्ष हुनेछन् । तर कुनै बार एकाइमा महिला समिति नभएमा सहसचिव पद रहने छैन ।**

**(घ) पाँचसयभन्दा कम सदस्य संख्या भएकोमा कम्तिमा १ (एक) जना महिला सहित १३ (तेह्र) सदस्यीय कार्यसमिति, पाँच सयदेखि एक हजारसम्म सदस्य संख्या भएकोमा कम्तिमा महिला २ (दुई) जना सहित १५ (पन्ध्र) सदस्यीय कार्यसमिति, एक हजार भन्दामाथि सदस्य संख्या भएकोमा कम्तिमा ३ (तीन) जना महिला सहित १९ (उन्नाइस) सदस्यीय कार्यसमिति साधारण सभाले गठन गर्न सक्नेछ ।**[२७]

**(ङ) कानुनव्यवसायी महिला नभएको एकाइको हकमा (ग) र (घ) लागु हुनेछैन ।**

**(च) एकाइमा सदस्य उपलब्धताको आधारमा कार्यसमिति चयन गर्दा समावेशी सिद्धान्तलाई ध्यान दिनुपर्नेछ ।**

**(३) केन्द्रीय कार्यसमिति तथा एकाइ कार्यसमितिका निवर्तमान अध्यक्ष कार्यसमितिको पदेन आमन्त्रित सदस्य हुनेछन् ।**

**२६. <u>कार्यसमितिको कार्यकाल :</u>**

(१) केन्द्रीय कार्यसमितिको कार्यकाल तीन वर्ष र एकाइको कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ । तर नयाँ कार्यसमितिको विधिवत् गठन नभएसम्म उक्त कार्यसमिति कायम रहेको मानिनेछ ।

(२) कार्यसमितिका पदाधिकारी वा सदस्य आफ्नो कार्यकालभन्दा पहिले निम्नलिखित अवस्थामा रिक्त हुनेछन् :

(क) अध्यक्षले निर्धारित क्रमानुसार तोकिएको उपाध्यक्ष समक्ष र अन्य पदाधिकारी र सदस्यले अध्यक्ष समक्ष पेश गरेको राजीनामा कार्यसमितिबाट स्वीकृत भएमा वा

(ख) मनासिब माफिकको सूचना नदिई कार्यसमितिको बैठकमा लगातार तीन पटक अनुपस्थित भएमा वा

(ग) विधानले निर्धारित गरे अनुसार सदस्यता कायम नरहेमा वा अविश्वासको प्रस्ताव पारित भएमा वा

(घ) आचारसंहिता समितिले कसैको उजूरीमा आचार संहिता प्रतिकूल काम गरेको ठहऱ्याएमा ।

**२७. <u>कार्यसमितिको बैठक :</u>**

[२७] नेबाएको मिति २०७५ भाद्र ९ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

कार्यसमितिको बैठक दुई महिनाको कम्तीमा एकपटक बस्ने छ । **बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।**[२८]

**२७क. महिला समितिसम्बन्धी व्यवस्था :**[२९]

**(१) नेपाल बार एशोसिएशनका सदस्य रहेका कानुनव्यवसायी महिलाहरूको एउटा छुट्टै समिति हुनेछ ।**

**(२) महिला समितिमा अध्यक्ष र कार्यसमितिको सदस्य पदमा निर्वाचित महिलाहरू सदस्य हुनेछन् । सो बाहेक अन्य सदस्यहरू सम्बन्धित तहको कार्यसमितिले मनोनयन गर्न सक्नेछ ।**

**(३) तीन जना वा सोभन्दा बढी महिला सदस्य भएको एकाइमा महिला समिति गठन गर्न सकिनेछ ।**

**(४) नेबाएको महिला उपाध्यक्ष महिला समितिको पदेन अध्यक्ष हुनेछ र एकाइको सहसचिव सोही एकाइको महिला समितिको पदेन अध्यक्ष हुनेछ ।**

**(५) महिला समितिमा महिला सदस्य संख्याको आधारमा कार्यसमितिले तोकेबमोजिम सदस्य रहनेछन् ।**

**(६) महिला समितिले महिला कानुनव्यवसायीहरूको क्षमता अभिबृद्धि, वृत्ति विकास, राष्ट्रिय तथा एकाइगत सम्मेलन गर्नेलगायत सम्बन्धित तहको समितिले तोकेको अन्य कार्यहरू गर्नेछ ।**

**२८. कार्यसमितिको अधिकार कर्तव्य :**

(१) कार्यसमितिको अधिकार एवं कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) उपयुक्त सम्झेको तरिकाबाट एशोसिएशनको कारोबारको नियन्त्रण, नियमित सुपरिवेक्षण र निर्देशन गर्ने,

(ख) एशोसिएशनको साधारण सभाको पारित गरेका निर्णयहरु कार्यान्वयन गर्ने,

(ग) कार्यसमितिको कुनै पदाधिकारी वा सदस्य आफ्नो पदमा कायम नरहेमा पदाधिकारकिो हकमा कार्य समितिका सदस्यहरु मध्येबाट र सदस्यहरूको हकमा अन्य सदस्यहरूबाट सहवरणद्वारा पदपूर्ति गर्ने,

तर केन्द्रीय कार्यसमितिको उपाध्यक्षको हकमा जुन क्षेत्रको उपाध्यक्ष आफ्नो पदमा कायम रहेका छैनन्, सोही क्षेत्रका सदस्यहरु मध्येबाट सहवरणद्वारा पदपूर्ति गरिनेछ ।

(घ) सह–सचिव सहित आवश्यक पदाधिकारी र कर्मचारीहरूको नियुक्ति गर्ने,

(ङ) सार्वजनिक महत्वको न्याय र कानुनसम्बन्धी विषयहरूको सर्वसाधारणमा जानकारी गराउन उपयुक्त तरिकाबाट प्रचार गर्ने,

(च) न्यायसंगत कानुनको निर्माण र भइरहेको कानुनहरूमा रहेका त्रुटि वा अपूर्णता हटाउन उपयुक्त तरिकाबाट सुझाव र राय प्रकट गर्ने,

(छ) एशोसिएशनको अध्यक्ष र उपाध्यक्षहरु कुनै कारणवश नरहेमा वा कार्य गर्न असमर्थ भएमा कार्यवाहक अध्यक्ष आफू मध्येबाट नियुक्त गर्ने,

(ज) यस विधानले साधारण सभा, कार्यकारिणी परिषद्, अन्य समितिहरु र पदाधिकारीहरूले गर्नु पर्ने भनी तोकिएको अधिकार, कर्तव्य बाहेक एशोसिएशनकोतर्फबाट गर्नु पर्ने काम र उत्तरदायित्व वहन गर्ने,

(झ) एशोसिएशनको प्रतिनिधित्व गर्ने र

(ञ) कार्यसमितिका पदाधिकारीलाई भैपरी आउने खर्च गर्न खर्च गर्न पाउने रकमको हद तोक्ने ।

---

[२८] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[२९] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरी थप गरिएको ।

**(२) उपाध्यक्ष तथा सदस्यहरूको वरियाताक्रम कानुनव्यवसायी प्रमाणपत्र नम्बरको बरिष्ठताका आधारमा निर्धारण गरिनेछ ।**[३०]

**२९. <u>केन्द्रीय कार्यसमितिको विशेष कर्तव्य र अधिकार :</u>**

धारा २३, २४, २५ र २६ को सामान्यतामा प्रतिकूल असर नपर्ने गरी केन्द्रीय कार्यसमितिको निम्नलिखित विशेष कर्तव्य र अधिकार हुनेछ :

(१) आवश्यकतानुसार एकाइको गठन गर्न सहयोग प्रदान गर्ने,

(२) एकाइहरूको गतिविधिमा सक्रियता र गतिशीलता ल्याउने,

(३) कानुन तथा न्यायसम्बन्धी अन्तर्राष्ट्रिय संस्थाहरूसंग सम्पर्क, सम्बन्ध र सहयोग प्रतिस्थापन गर्ने र अन्तर्राष्ट्रिय सभा, सम्मेलन र गोष्ठीमा प्रतिनिधिहरु पठाई भाग लिने, र

(४) एशोसिएशनले राष्ट्रिय स्तरमा गर्न पर्ने सबै कार्य गर्ने ।

**(५) एकाइहरूमा निर्वाचन लगायतका अन्य किसिमका विवाद उत्पन्न भएमा केन्द्रीय कार्यसमितिले कम्तिमा एक महिलासहित आवश्यकताअनुसार विवाद समाधान कार्यदल गठन गरि प्रतिवेदन पेश गर्न लगाई आवश्यक निर्णय लिनेछ । सो सम्बन्धमा केन्द्रीय कार्यसमितिको निर्णय अन्तिम हुनेछ ।**

**(६) एकाइहरूलाई विधानबमोजिमको सदस्यता प्रदानलगायत आवधिक निर्वाचन सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।**

**२९क. <u>शपथ ग्रहण :</u>**

**जुनसुकै तहको कार्यसमितिको निर्वाचन सम्पन्न भएपश्चात निर्वाचित पदाधिकारी तथा सदस्यहरूले निर्वाचन प्रमुख वा निजको अनुपस्थितिमा निर्वाचन समितिको जेष्ठ सदस्य समक्ष <u>अनुसूची - १</u> मा उल्लेख गरेबमोजिमको शपथग्रहण गर्नुनर्पेछ ।**[३१]

**३०. <u>उप-समितिहरु :</u>**

विधानका उद्देश्यहरु पूर्ति गर्न र एशोसिएशनको हित सम्वर्द्धन गर्न कार्य समितिले उपसमितिहरु गठन गर्न सक्नेछ र उक्त उपसमितिको गठन सदस्यहरूको नियुक्ति र तिनीहरूको कार्यकाल, अख्तियार र कार्यप्रणाली कार्यसमितिले तोके बमोजिम हुनेछ ।

**३१. <u>शाखा (सेक्सन) :</u>**

कार्यसमितिले तोकि दिएको अधिकार र कार्यविधि अनुरूप एशोसिएशनको उद्देश्य पूर्तिका लागि विभिन्न शाखाहरु, जस्तै प्रशासकीय कानुन शाखा, फौजदारी कानुन शाखा, पारिवारिक कानुन शाखा, अन्तर्राष्ट्रिय कानुन र तुलनात्मक कानुनशाखा, बार गतिविधि शाखा इत्यादि गठन गर्न सक्नेछ । ती शाखाहरु कानुनको समस्याहरूको अध्ययन खोज, अनुसन्धान गरी गराई सम्भावित निदान पत्ता लगाउन प्रयत्नशील रहने छन् र बारको जनआस्था अभिवृद्धि गर्न कार्यरत रहने छन् ।

**३२. <u>अधिकार प्रत्यायोजन :</u>**

(१) एशोसिएशनको कायसमितिले आफूमा अन्तर्निहित अधिकारहरु मध्ये आवश्यकतानुसार खास अधिकार कुनै उपसमिति, पदाधिकारी वा सदस्यलाई सुम्पन्न सक्नेछ ।

(२) कार्यसमितिले उपधारा (१) बमोजिम आफ्नो काम कर्तव्य र अधिकार सुम्पदा शर्तहरु तोक्न सक्नेछ ।

---

[३०] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरिएको ।

[३१] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरी थप गरिएको ।

(३) कार्यसमितिले उपधारा (१) बमोजिम दिएको अधिकार जुनसुकै वखत भिक्न सक्नेछ ।

**३३. अध्यक्षको कर्तव्य र अधिकार :**

अध्यक्षको कर्तव्य एवं अधिकार देहायबमोजिम हुनेछ :

(१) एशोसिएशनलाई नेतृत्व प्रदान गर्ने,

(२) कार्यसमिति र साधारणसभाको अध्यक्षता ग्रहण गर्ने र उक्त बैठक र सभामा मतदान हुंदा मत बराबर भएमा निर्णायक मत दिने ।

(३) साधारण सभा, कार्यकारिणी परिषद् र कार्यसमितिको निर्णयहरु कार्यान्वित गर्ने गराउने ।

(४) साधारण सभा र कार्यसमितिको समय समयमा हुनु पर्ने सभा र बैठक बोलान लगाउने र

(५) यस विधानमा तोकिएको अन्य अधिकार प्रयोग गर्ने ।

**३४. उपाध्यक्षको कर्तव्य र अधिकार :**

(१) केन्द्रीय कार्यसमितिमा उपाध्यक्षको कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अध्यक्ष कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा वा निजको पद रिक्त भएमा निर्धारित क्रमानुसार कार्य वाहक अध्यक्षको रूपमा निजको कर्तव्यको पालना र अधिकार प्रयोग गर्ने,

(ख) अध्यक्षले प्रत्यायोजित गरेको कुनै अधिकार प्रयोग गर्ने ।

(२) एकाइको अध्यक्ष कुनै कारणले आफ्नो काम गर्न असमर्थ भएमा वा निजको पद रिक्त भएमा कार्यवाहक अध्यक्षको रूपमा निजको कर्तव्य पालन र अधिकारको प्रयोग उपाध्यक्षले गर्नेछ ।

**३५. महासचिव[३२]को कर्तव्य र अधिकार :**

(१) महासचिव[३३]को कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) अध्यक्षसंग परामर्श गरी कार्यसमितिको वैठक र साधारण सभा बोलाउने ।

(ख) कार्यसमिति, कार्यकारिणी परिषद र साधारण सभाका निर्णयहरु अध्यक्षको सामान्य रेखदेखमा रही कार्यान्वित गर्ने गराउने ।

(ग) एशोसिएशनको साधारण सभा र कार्यसमितिको लिखत कागजातहरु अभिलिखित गर्ने र सुरक्षित राख्ने,

(घ) आफूलाई सुम्पिएको वा तोकिएको कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने,

(ङ) एशोसिएशनको तर्फबाट पत्र व्यवहार गर्ने,

(च) एशोसिएशनको लिखत प्रमाणित गर्ने,

(छ) कार्यसमितिको तर्फबाट प्रतिवेदन पेश गर्ने,

(ज) भैपरी आउने काम गर्ने,

(झ) विधानले तोकेको अन्य काम गर्ने, र

(ञ) एशोसिएशनको सामान्य छाप जिम्मा लिने ।

---

[३२] तेस्रो संशोधनद्वारा संशोधित ।

[३३] तेस्रो संशोधनद्वारा संशोधित ।

(२) कार्यसमितिले महासचिवको सहयोगार्थ सचिव नियुक्त नगरेको अवस्थामा महासचिवले आफ्नो कर्तव्य वा अधिकार केही निश्चित समयको लागि आफ्नो उत्तरदायित्वमा कार्यसमितिको अन्य कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३६. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

(१) कोषाध्यक्षको अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछ :

(क) एशोसिएशनको कोष तथा लेखासम्बन्धी सम्पूर्ण दायित्व वहन गर्ने,

(ख) एशोसिएशनको आय व्ययको हिसाब दुरूस्त राख्ने,

(ग) एशोसिएशनको तर्फबाट जिन्सी लगत राख्ने,

(घ) एशोसिएशनको तर्फबाट असूल गर्न पर्ने शुल्क तथा रकम असूल उपर गर्ने,

(ङ) वार्षिक आय व्ययको विवरण सहितको प्रतिवेदन कार्यसमितिको तर्फबाट साधारणसभामा प्रस्तुत गर्ने र

(च) कर्मचारीको तलव लगायत एशोसिएशनले वहन गर्नुपर्ने खर्च समय समयमा भुक्तानी दिने ।

(२) यस प्रयोजनको लागि कार्यसमितिले कर्मचारी नियुक्ति नगरेको अवस्थामा कोषाध्यक्षले आफ्नो कर्तव्य वा अधिकार केही निश्चित समयको लागि आफ्नो उत्तरदायित्वमा कार्यसमितिका कुनै सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**३७ कार्यसमितिको उत्तरदायित्व :**

कार्यसमितिका पदाधिकारी र सदस्यहरु सामूहिक र व्यक्तिगत रूपले साधारणसभा प्रति उत्तरदायी हुनेछन् ।

**३८. अविश्वासको प्रस्ताव :**

(१) एशोसिएशनको कुल सदस्य संख्यामध्ये पाँच खण्डको एक खण्डले सहीछाप गरी अविश्वासको प्रस्तावउपर विचार गर्न सभा बोलाइयोस् भनी अविश्वासको प्रस्ताव नत्थी गरी अध्यक्ष समक्ष निवेदन गर्न सक्नेछ ।

(२) अध्यक्षले उक्त आवेदनपत्र आफू समक्ष दाखिल भएको एक महिना भित्र विशेष साधारणसभा बोलाइसक्नु पर्नेछ ।

(३) अध्यक्षले सम्बन्धित पदाधिकारी वा सदस्यलाई उक्त अविश्वासको प्रस्तावको प्रतिलिपि बुझाई निज उपर अविश्वासको प्रस्ताव आएको जानकारी दिनेछ ।

(४) अध्यक्ष उपर अविश्वासको प्रस्ताव बारे विचार गर्न केन्द्रीय कार्यसमितिको हकमा निर्धारित क्रमानुसारको उपाध्यक्षलाई र एकाइको हकमा उपाध्यक्षलाई निवेदन दिइनेछ र उपाध्यक्षले यसमा लेखिए अनुसार विशेष साधारण सभा बोलाउने छ ।

(५) विशेष साधारण सभाले अविश्वासको प्रस्ताव बारे पक्ष विपक्षको राय विचार गरी सम्बन्धित पदाधिकारी वा सदस्यको प्रतिवाद कथनमा विचार गरी सभामा उपस्थित मध्ये दुई तिहाइले प्रस्तावको पक्षमा मत दिएमा अविश्वासको प्रस्ताव पारित हुनेछ ।

## परिच्छेद – ७
## केन्द्रीय कार्यालय

**३९. केन्द्रीय कार्यालयको सचिवालय गठन :**

**(१) महासचिव संयोजकत्वमा कोषाध्यक्ष र कार्यसमितिले तोकिएका एक जना महिलासहित तीन जना केन्द्रीय सदस्यहरू रहने गरी पाँच सदस्यीय केन्द्रीय सचिवालय गठन गरिनेछ ।**[३४]

(२) महासचिव र अन्य अधिकारीहरु केन्द्रीय कार्य समितिको नियन्त्रणमा हुनेछन् र तिनीहरु व्यक्तिगत र सामूहिक रूपमा केन्द्रीय समितिप्रति उत्तरदायी हुनेछन् ।

(३) महासचिव र अन्य अधिकारीको अधिकार र कर्तव्यहरु केन्द्रीय कार्यसमितिले तोकेबमोजिम हुनेछ ।

(४) यस धाराको उपधारा (२) र (३) मा प्रतिकूल असर नपर्ने गरी केन्द्रीय कार्यालयको निम्न बमोजिम काम र कर्तव्य हुनेछ :

(क) दैनिक प्रशासकीय काम सम्पन्न गर्ने,

(ख) एशोसिएशनको लिखत, कार्यवृत पुस्तिका (माइन्यूट बुक) र अभिलेख पुस्तिकाहरूको सुरक्षा गर्ने,

(ग) कार्य समितिको निर्णय र निर्देशनहरु तदारूकताका साथ कार्यान्वित गर्ने,

(घ) पत्र व्यवहार यथासमयमा गर्ने,

(ङ) सदस्यहरूको लगत विधिवत् कायम गर्ने,

(च) एकाइहरूसंग समयमा पत्र व्यवहार वा अन्य तरिकाबाट सम्पर्क गर्ने,

(छ) साधारणसभा, कार्यकारिणी परिषद् र केन्द्रीय कार्यसमिति, अन्य समिति, उपसमितिको निर्णयहरूको एकाइहरूलाई जानकारी गराउने ।

**(ज) नेपाल बार एशोसिएशनले तत्काल निर्णय गर्नुपर्ने विषयमा निर्णय गरि केन्द्रीय कार्यसमिति समक्ष अनुमोदनका लागि पेश गर्ने ।**[३५]

(५) केन्द्रीय कार्यसमितिको सामान्यतया नियन्त्रणामा रही महासचिव केन्द्रीय कार्यालयको प्रमुख रहनेछ र निजले केन्द्रीय कार्यसमितिको प्रत्येक बैठकमा केन्द्रीय कार्यालयको प्रतिवेदन प्रस्तुत गर्न पर्नेछ ।

## परिच्छेद – ८
## एशोसिएशनको कोष

**४०. कोष :**

(१) एशोसिएशनको आफ्नो छुट्टै कोष रहने छ ।

(२) एशोसिएशनको कोषमा देहायका रकमहरु आम्दानी बाँधिने छन् :

(क) सदस्यको प्रवेश र वार्षिक शुल्क,

(ख) एशोसिएशनलाई नेपाल सरकार, कुनै संस्था वा व्यक्ति वा अन्तर्राष्ट्रिय निकायबाट प्राप्त भएका दान, चन्दा र सहायता,

(ग) एशोसिएशनद्वारा प्रकाशित हुने प्रकाशनबाट प्राप्त भएको रकम,

(घ) एशोसिएशनले उठाएको शुल्क र उपार्जित रकम र,

(ङ) अन्य रकम ।

(३) कोषको कोषाध्यक्षको जिम्मा रहने छ र कार्य समितिको निर्णय अनुसार कोषको संचालन हुनेछ ।

**४१. हिसाब किताव :**

---

[३४] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरी थप गरिएको ।

[३५] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरी थप गरिएको ।

(१) कोषाध्यक्षले एशोसिएशनको हिसाब किताव दुरूस्त राख्नु पर्नेछ र आयव्ययको प्रतिवेदन वार्षिक साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(२) साधारणसभाले नियुक्त गरेको लेखा परीक्षकद्वारा एशोसिएशनको हिसाब किताव प्रत्येक वर्ष जाँच गर्नेछ ।

## परिच्छेद – ९
## सदस्यहरूको आचारसंहिता

**४२. आचारसंहिता :**

सदस्यहरूले आफ्नो पेशागत जीवन र व्यवहारमा अनुकरण तथा अवलम्बन गर्नु पर्ने नियमहरु जसलाई सदस्यहरूको आचारसंहिता भनिनेछ, केन्द्रीय कार्यसमितिले कार्यकारिणी परिषद्को अनुमोदन लिई लागू पर्नेछ ।

**४३. आचारसंहिता विधि :**

(१) आचार संहिताको प्रचलन, संरक्षण तथा संवर्द्धनका लागि कार्यकारिणी परिषद्ले कम्तीमा तीन सदस्यीय आचार संहिता समिति गठन गर्नेछ ।

(२) आचार संहिता समितिको काम, कर्तव्य निम्न बमोजिम हुनेछ :

(क) आचार संहिताको उपयुक्त मस्यौदा गरी केन्द्रीय कार्य समिति मार्फत कार्यकारिणी परिषद्मा पेश गर्न लगाउने र निर्मित आचार संहितामा समय समयमा हुनु पर्ने संशोधन बारे सुझाव पेश गर्ने,

(ख) आचार संहिता प्रचलन गराउन सचेत र सक्रिय रहेन र यस बारेको वार्षिक प्रतिवेदन साधारण सभामा पेश गराउने,

(ग) कुनै सदस्यले आचार संहिताका कुनै नियम वा नियमहरु भंग गरेको वा उजुरी सुनी सम्बन्धित सदस्यलाई प्रतिवाद गर्न मौका दिई निर्णय गरी कार्यान्वयनका लागि केन्द्रीय कार्यसमितिमा पेश गर्ने,

तर निर्णय गर्नु भन्दा अघि सम्बन्धित सदस्यलाई प्रतिवाद गर्न मौका दिनु पर्नेछ ।

(३) आचार संहिता समितिको कार्यकाल र अन्य अधिकार कार्यकारिणी परिषद्ले तोके बमोजिम हुनेछ ।

**४४. पुनरावेदन :**

आचार संहिता समितिले गरेको निर्णयबाट मर्का पर्ने व्यक्तिले निर्णय प्राप्त गरेको ९० दिन भित्र सो निर्णय उपर कार्य समितिका महासचिव मार्फत वा सोझै कार्यकारिणी परिषद्मा पुनरावेदन गर्न पाउने छ र कार्यकारिणी परिषद्को निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद – १०
## निर्वाचन

**४५. निर्वाचन समिति :**

एशोसिएशनको नयाँ कार्यसमितिको निर्वाचनका लागि कार्य समितिले बढीमा तीन सदस्यीय अथवा आवश्यकतानुसार सो भन्दा बढी सदस्यहरु भएको निर्वाचन समिति नियुक्त गर्नेछ जस मध्ये एक जना प्रमुख तोकिने छ ।

**४६. निर्वाचन समितिको काम, कर्तव्य तथा निर्वाचन प्रक्रिया :**

(१) निर्वाचन समितिको काम, कर्तव्य विनियममा तोकिए बमोजिम हुनेछ ।

(२) निर्वाचनसम्बन्धी कार्य प्रणाली विनियममा तोकिए बमोजिम हुनेछ । तर केन्द्रीय कार्यसमितिको सम्बन्धमा यस्तो विनियम बनाउँदा सकभर सबै सदस्यले भाग लिन सक्ने उपयुक्त प्रणाली अर्थात् हुलाक मतपत्र ( पोष्टल व्यालेट) वा विभिन्न मतदान केन्द्रहरु स्थापित गरी मतदान गराउने प्रणाली अंगीकार गर्नेछ ।

(३) उपधारा (१) र (२) बमोजिम विनियम नबनुन्जेलसम्म निर्वाचन समितिले यस विधानको अधीनमा रही उपयुक्त सम्झेको तरिकाबाट निर्वाचन सम्पन्न गर्नेछ ।

(४) निर्वाचन समितिले कार्यकाल समाप्त हुन लागेको कार्य समितिको कार्यकाल समाप्त हुनु अगावै नयाँ कार्य समितिको निर्वाचन सामान्यतया सम्पन्न गराउने छ ।

## परिच्छेद - ११
## एकाइ

**४७. एकाइको संस्थापना :**

(१) अदालतको स्तरमा एशोसिएशनको एकाइ संस्थापना गर्न कम्तीमा पाँचजना कानुनव्यवसायीहरूले सहीछाप गरी एशोसिएशन केन्द्रीय कार्यसमितिमा आवेदन गर्नु पर्ने छ । उपयुक्त आवेदनको साथमा प्रस्तावित एकाइको सदस्यहरूको नामावली र कार्य समितिका पदाधिकारी र सदस्यहरूको नामको सूचीसमेत दाखिल गर्नुपर्नेछ ।

(२) उपधारा (१) अनुसार पर्न आएको आवेदनमा केन्द्रीय कार्य समितिले जाँचबुझ गरी यस विधानको अधीनमा रही एकाइको संस्थापनाको स्वीकृति प्रदान गर्नेछ र तदनुकूल दर्ता कितावमा त्यसको लगत राखिने छ र सम्बन्धित एकाइलाई सूचित गरिनेछ ।

(३) यस विधान प्रारम्भ हुँदाका वखत कायम रहेका एकाइहरु यस विधान अन्तर्गत संस्थापना भएका मानिने छन् । तर सर्वोच्च अदालत बार एशोसिएशनको हकमा सर्वोच्च अदालतमा वहस पर्न पाउने कानुनव्यवसायीहरूले मात्र सदस्यता प्राप्त गर्न सक्नेछन् ।

**४८. एकाइको कार्य र अधिकार :**

(१) प्रत्येक एकाइ यस विधानको अधीनमा रही स्वतन्त्र हुने छन् ।

(२) प्रत्येक एकाइले खास प्रयोजनका लागि आएको रकम बाहेक आफूलाई प्राप्त भएको कुल आयको सयकडा २० प्रतिशत साधारणतया हरेक तीन महिनाभित्र केन्द्रीय कार्यालयलाई पठाई सक्नु पर्नेछ । तर केन्द्रीय कार्यालयलाई एकाइले बुझाउनु पर्ने रकम तीन पटक केन्द्रीय कार्यालयले ताकेता गर्दा पनि नपठाएमा केन्द्रीय कार्य समितिले जाँचबुझ गरी कार्यकारिणी परिषद्को स्वीकृति लिई एकाइको कार्य समितिलाई खारेज गर्न सक्नेछ ।

(३) प्रत्येक एकाइले हरेक ३ महिना भित्र आफ्नो कार्य प्रगति विवरण, आय व्ययको फिहरिस्त र आफूले गरेको निर्णयहरूका प्रतिलिपि केन्द्रीय कार्यालयमा पठाउने छ ।

(४) प्रत्येक एकाइले केन्द्रीय कार्यालयबाट प्राप्त विवरण र आफूले गरेका निर्णय र संकल्पहरु सदस्यहरूलाई समय समयमा जानकारी गराउनेछ ।

(५) यस विधान अनुसार प्राप्त अधिकार प्रत्येक एकाइले प्रयोग गर्नेछ ।

**४९. एकाइको विघटन वा निलम्बन :**

देहायका अवस्थामा कुनै एकाइ निलम्बन वा विघटन हुन सक्नेछ :

(१) कुनै एकाइको कुल सदस्य संख्या मध्ये दुई तिहाइ सदस्यहरु उपस्थित भएको विशेष साधारण सभाले एकाइ विघटन होस् भनी कुल सदस्य संख्याको दुई तिहाइ बहुमतले विशेष प्रस्ताव पारित गरेमा र त्यसमा कार्यकारिणी परिषद्‌ले अनुमोदन प्रदान गरेमा वा

(२) कुनै एकाइ अर्को एकाइमा केन्द्रीय कार्य समितिको स्वीकृति प्राप्त गरी गाभिन गएमा, वा

(३) कुनै एकाइले यस विधानको उद्देश्य प्रतिकूल एशोसिएशनलाई अहित हुने कार्य गरेको छ भन्ने केन्द्रीय कार्यसमितिको ठहर प्रतिवेदनमा एशोसिएशनको कार्यकारिणी परिषद्‌को कुल सदस्य संख्याको दुई तिहाइले उक्त एकाइ खारेज गर्ने निर्णय गरेमा ।

५०. **एकाइको सदस्यता :** (१) कुनै कानुनव्यवसायी एक भन्दा बढी एकाइको सदस्य हुन सक्ने छैन । तर एक एकाइको सदस्यता **स्थानान्तरण** गरी अर्को एकाइमा सदस्य बन्न वाधा पुग्ने छैन ।

**(२) एउटा बार एकाइबाट सदस्यता सरूवा गरी अर्को बार एकाइमा सदस्यता स्थानान्तरण गर्दा स्थानान्तरणको सिफारिस दिने बार एकाइ र स्थानान्तरण हुन चाहेको बार एकाइको सहमति र स्वीकृति पछिमात्र स्थानान्तरण गर्न सक्नेछ । तर त्यसरी स्थानान्तरण गर्दा साविक बार एकाइमा मतदान गरेको एक वर्षसम्म नयाँ स्थानान्तरण भएको बार एकाइको निर्वाचनमा मतदान गर्न पाइने छैन ।**[३६]

## परिच्छेद – १२
## संशोधन

५१. **संशोधन :**

विधानको संशोधन गर्न सकिने छ ।

५२. **संशोधन विधि :**

(१) संशोधन कुनै सदस्य वा एकाइले विशेष प्रस्तावको रूपमा ल्याउन सक्नेछ र उक्त प्रस्ताव बारे केन्द्रीय कार्यसमितिले साधारण सभा हुनु भन्दा कम से कम तीस दिन अगाडी लिखित सूचना प्रेषित गर्नेछ ।

(२) प्रस्तावित संशोधन साधारण सभामा उपस्थित सदस्यहरूको दुई तिहाइ मतद्वारा पारित हुनेछ ।

## परिच्छेद – १३
## विविध

५३. **विनियम बनाउन अधिकार :**

(१) यस विधानको उद्देश्य पूर्ति गर्न केन्द्रीय कार्य समितिले कार्यकारिणी परिषद्‌को स्वीकृति लिई विनियमहरु बनाउन सक्नेछ ।

(२) उपधारा (१) मा उल्लेख गरिएका सामान्य अधिकारलाई प्रतिकूल असर नपर्ने गरी तल उल्लिखित विषयहरूमा पनि नियमहरु बनाउन सक्नेछ ।

(क) सभा र बैठकको कार्यविधि तथा संचालन विधि,

(ख) प्रस्ताव ल्याउने र प्रस्तुत गर्ने विधि,

(ग) निर्वाचन विधि,

(घ) उपसमितिहरु र शाखाहरूको गठन विधि,

[३६] नेबाएको मिति २०७१ असोज ३ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरी थप गरिएको ।

(ङ) विशिष्ट सदस्य, सहयोगी सदस्य, आजीवन सदस्य र सम्मानार्थ सदस्य बनाउने अवस्था र विधि ।

**५४. आर्थिक वर्षहरु :**

यस एशोसिएशनको आर्थिक वर्ष प्रत्येक वर्षको श्रावण संक्रान्तिदेखि प्रारम्भ भई आगामी वर्षको आषाढ मसान्तमा समाप्त हुनेछ ।

(क) नेबाए पूर्णत मुनाफारहित उद्देश्यले स्थापना भएको संस्था हो ।[३७]

**५५. एशोसिएशनको सामान्य छाप र प्रतीक :**

एशोसिएशनको सामान्य छाप र प्रतीक विनियममा तोकिएबमोजिम हुनेछ ।

**५६. एशोसिएशनको निर्णय :**

(१) यस विधानमा अन्यथा लेखिएकोमा बाहेक बहुमतको निर्णय एशोसिएशनको निर्णय मानिनेछ ।

(२) एशोसिएशनको साधारण सभा, कार्यकारिणी परिषद्, कार्यसमिति तथा अन्य समिति उप–समिति र शाखाहरूको निर्णय, कार्यवृत पुस्तिका (माइन्यूट बुक) मा लिपिबद्ध गरिनेट ।

**५७. व्याख्या :**

कार्यकारिणी परिषद् यस विधान र विनियमहरूको अन्तिम व्याख्याकार हुनेछ ।

**५८. खारेजी र बचाउ :**

(१) नेपाल बार एशोसिएशनको विधान, २०३० र यस अन्तर्गतका एकाइका नियम, विनियमहरु खारेज गरिएका छन् ।

(२) यो विधान लागू हुनु भन्दा अगाडि नेपाल बार एशोसिएशनको विधान अनुसार गरिएका काम कारबाही यसै विधान अनुसार गरिएको मानिने छ । यो विधान लागू हुनु भन्दा अघि नेपाल बार एशोसिएशनको विधान, २०३० अन्तर्गत निर्वाचित कार्य समिति यसै विधानअन्तर्गतको कार्यसमिति मानिनेछ । तर समितिको पदावधि चाहिँ निर्वाचन भएको मिति देखि साबिकको विधान २०३० बमोजिम हुनेछ ।

**५९. संक्रमणकालीन प्रबन्ध :**

(क) पुनरावेदन अदालत गठन हुनु भन्दा अघि कायम रहेका क्षेत्रीय अदालत बार एशोसिएशन र अंचल अदालत बार एशोसिएशनहरु पनि अव स्वतः विघटित हुने भएकाले अंचल अदालत मात्र रहेको स्थानमा पुनरावेदन अदालतको स्थापना भएकोमा साबिक अंचल अदालत बार एशोसिएशनको कार्यसमितिले पुनरावेदन अदालत बार एशोसिएशनको तदर्थ समितिको रूपमा कार्य गर्नेछ । त्यस्तै साबिकमा क्षेत्रीय अदालत रहेको स्थानमा वा कुनै तेस्रो स्थानमा पुनरावेदन अदालतको स्थापना भएकोमा सो क्षेत्रको साबिकको क्षेत्रीय अदालत बार एशोसिएशनको कार्यसमितिले तदर्थ समितिको रूपमा कार्य गर्नेछ ।

(ख) साबिक अञ्चल अदालत बार एशोसिएशन र क्षेत्रीय अदालत बार एशोसिएशनका जायजेथा र दायित्वहरु सम्बन्धित पुनरावेदन अदालत बार एशोसिएशनको तदर्थ समितिमा सर्ने छन् । साथै विघटित बार

---

[३७] नेबाएको मिति २०७५ भाद्र ९ गते सम्पन्न बार्षिक साधारण सभाद्वारा संशोधन गरी थप गरिएको ।

एशोसिएशनहरूका साधारण सदस्यहरु पनि स्वतः सम्बन्धित पुनरावेदन अदालत बार एशोसिएशनको साधारण सदस्यका रूपमा कायम हुनेछन् ।

(ग) उक्त खण्ड (क) मा उल्लेख भए बमोजिमका तदर्थ समितिले विशेष साधारण सभाको बैठक भई निर्णय भएको मिति २०४८।८।१५ ले ३ महिना भित्र एकाइको कार्य समितिको चुनाव सम्पन्न गरी आ-आफ्नो कार्यभार हस्तान्तरण गर्नु पर्नेछ ।

# अनुसूची - १

**म . . . . . . . . . . . . . . . . . . . . . . . . . नेपाली कानुनव्यवसायीहरूको सम्मानमा यो शपथ लिन्छु;**

**नेपाली कानुनव्यवसायीहरूको छाता संगठन नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमितिको / . . . . . . एकाइको . . . . . . . . . . पदमा मिति . . . . . . . . . को निर्वाचनबाट निर्वाचित भएकाले यस एशोसिएशनको बिधान र कानुनव्यवसायीहरूको हक-हितप्रति प्रतिवद्ध रहँदै मूल्य-मान्यताहरू, स्वतन्त्र, सक्षम तथा उत्तरदायि न्यायपालिका, विधिको शासन, लोकतन्त्र, मानवअधिकारप्रति सम्मान व्यक्त गर्दै नेपाल बार एशोसिएशनको घोषित उद्देश्य तथा कार्यक्रमप्रति सदा वफादार रहि एशोसिएशनको अनुशासन पालना गर्दै गोपनीयताको संरक्षण गर्नेछु ।**

**देश र सम्पूर्ण नेपाली जनताको हितलाई सर्वोपरी राखी कानुनव्यवसायीको हक-हितका लागि कानुनव्यवसायीहरूको प्रतिनिधिको हैसियतले सदासर्वदा दत्तचित्तकासाथ लागि रहनेछु ।**

| <u>शपथग्रहण गराउनेको</u> | <u>शपथग्रहण गर्नेको</u> |
|---|---|
| दस्तखत :- | हस्ताक्षर :- |
| नाम :- | नाम, थर :- |
| प्रमुख निर्वाचन समिति | कानुनव्यवसायीको किसिम :- |
| | प्र.प.सं. :- |
| | निर्वाचित पद :- |
| मिति :- | मिति :- |